नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
माघ/फागुन २०६८ (February 2012) वर्ष १६/अङ्क १७९

## बाइबल के, कसरी र किन ?

– पाष्टर राजेन्द्र रोंगोंग

सरल भाषामा भन्नु पर्दा बाइबल इसाईहरूको धर्मशास्त्र हो । यो विभिन्न लेखकहरूद्वारा लेखिएका हजार पेजभन्दा धेरै भएको पुस्तक हो। सम्पूर्ण बाइबल लेख्न १५०० देखि २००० वर्ष लागेको थियो । यसका मुख्य दुई खण्ड छन् – पुरानो करार र नयाँ करार ।

पुरानो करारमा जम्मा ३९ वटा पुस्तकहरू छन् । यो यहूदी जाति अर्थात् इस्राएली राष्ट्रको इतिहास हो । यसमा पारिवारिक कथाहरू, जन्म, विवाह, मृत्यु, इतिहास, लडाईं, असल र खराब राजाहरूका कथा छन् । यसमा कविता, नियम, उद्देश्य, अगमवक्ताहरू, अगमवाणीहरू, इस्राएली धर्मका विधिहरू र विशेष त परमेश्वरको बारे शिक्षा, परमेश्वर र मानिसको सम्बन्ध परमेश्वरलाई किन र कसरी पुज्ने आदि कुराहरू समावेश छन् ।

पुरानो करार अन्तर्गत ३९ वटा पुस्तकमध्ये ५ वटा इस्राएलीहरूको सुरूको इतिहास र व्यवस्था, १२ वटा इतिहास, ५ वटा कविता र ज्ञान तथा ५ ठूला अगमवक्ता र १२ साना अगमवक्ताको पुस्तकहरू छन् ।

मूलतः पुरानो करारमा इस्राएलीप्रति परमेश्वरको प्रेम र इस्राएलीहरूको पटक-पटक आज्ञा उलङ्घनबारे चर्चा गरिएको छ । परमेश्वरले स्वयं र आफ्ना मानिसद्वारा आफ्नो विषयमा प्रकाश पार्नुभएको छ ।

नयाँ करार नासरतका येशूको कारणबाट हुन आएको छ। यसको ४७% खण्ड येशूसित प्रत्यक्ष सम्बन्धित छ भने बाँकी खण्ड उहाँको मृत्युपछि मानिसहरूमा परेको असरबारे लेखिएको छ। नयाँ करारमा पहिलो चार पुस्तक येशूको जीवनीबारे, एउटा पुस्तकले खीष्टको मृत्युपछिका घटनाहरूबारे लेखिएको छ। २१ वटा विभिन्न चेलाहरूले येशूसम्बन्धी लेखेका चिठ्ठीहरू छन् र एउटा पुस्तकमा येशूको चेलाले पाएका दर्शन प्रकाश गरिएको छ ।

साधारणतया पुरानो करार येशू संसारमा आउनुभन्दा अघि लेखिएको र नयाँ करार येशू संसारमा आइसक्नुभएपछि लेखिएका हुन् । यी दुई खण्ड अलग-अलग भए तापनि यी अभिन्न परिपुरक हुन् । यी दुवै मिलेर बाइबल निर्माण भएको छ। पुरानो करारले मसीह आउनुहुन्छ भनी बताएको छ भने नयाँ करारले उहाँ आइसक्नुभएको सत्यता प्रकाश पार्दछ ।

यो दर्शन सम्बन्धी बाइबलमा यसरी लेखिएको छ, “सम्पूर्ण पवित्र शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ” (२ तिमोथी ३:१६) ।

यहाँ यो तथ्यलाई प्रष्टचाइएको छ “सम्पूर्ण पवित्रशास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो” । प्रेरणाको मौलिक शब्दले “परमेश्वरद्वारा सास फुकिएको” भन्ने अर्थ बुझाउँछ । प्रेरणाले यस अर्थमा “धर्मशास्त्र परमेश्वरको आत्म-प्रकाश वा आत्म-कथा बुझाउँदछ। यसैले बाइबल विभिन्न ईश्वर भक्त मानिसहरूले प्रेरणा पाएर आफ्नै मनोज्ञानबाट लेखेका होइनन् । उत्पत्ति ३:८ मा यसरी लेखिएको छ : “परमेश्वरले अन्यजातिहरूलाई विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ भन्ने धर्मशास्त्रले पहिलेदेखि नै देखेर अब्राहामलाई ‘तँमा सबै जातिले आशिष पाउनेछन् भन्ने सुसमाचार अघिबाटै सुनायो ।”

यहाँ परमेश्वर र धर्मशास्त्रलाई एउटै अर्थ लाउने रूपमा प्रयोग गरिएको छ। धर्मशास्त्र वा परमेश्वरको वचनलाई मेरो जीवनमा काम गर्न निम्न कामहरू मैले गर्नुपर्छ :

१. धर्मशास्त्र वा मैले निरन्तर पढ्नुपर्छ। धर्मशास्त्रको अधिकारलाई मैले स्वीकार गर्नुपर्छ। संस्कार, परम्परा, तर्क, मेरो संवेगको मलाई परमेश्वरको वचन ग्रहण गर्न बाधा पुऱ्याउँदछ ।

२. धर्मशास्त्रले देखाएका सत्यलाई मैले ग्रहण गर्नुपर्छ । बन्द मन, खल्बलिएको मन, गहिराइरहित मन आदि काँडाका झ्याङ्ग हुन् जसले परमेश्वरको वचनलाई ग्रहण गर्न आत्मसात गर्न दिँदैनन् । मैले बाइबल निरन्तर पढ्नुपर्छ, समय दिएर अध्ययन गर्नुपर्छ, सम्झनुपर्छ, चिन्तन गर्नुपर्छ। परमेश्वरको वचनले मलाई के भन्दैछ स्पष्ट बुझ्नुपर्दछ ।

३. परमेश्वरको वचन पढेर बुझे पनि मैले मेरो जीवनमा प्रयोग गर्नुपर्छ (याकूब १:२२) ।

हामीले माथिका कुराहरू गर्न चाहचौं र परमेश्वरसँग प्रार्थनाद्वारा सहायता माग्यौं भने पवित्र आत्मा जो हामीभित्र बस्नुहुन्छ अथवा बस्न चाहनुहुन्छ, उहाँले हामीलाई सहायता गर्नु हुने नै छ ।

**शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली**

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा |
|---|---|---|---|---|---|---|
| माघ २८ गते<br>फरवरी ११ ता. | पाष्टर<br>सामुएल कार्थक | श्री<br>सरोज मान तामाङ्ग | डीकन<br>सुरेश पुरकोटी | डीकन<br>गोपाल शर्मा | पाष्टर<br>दफ्तन सादा | श्री<br>छ्योगेन रोंगोंग |
| फागुन ६ गते<br>फरवरी १८ ता. | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | श्री<br>प्रेम आले मगर | पाष्टर<br>अशोक मुखिया | श्री<br>छ्योगेन रोंगोंग | एल्डर<br>रूबेन श्रेष्ठ | डीकन<br>जनक लाल श्रेष्ठ |
| फागुन १३ गते<br>फरवरी २५ ता. | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>पूर्ण सुनुवार | एल्डर<br>दिनेश न्यौपाने | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | श्री<br>भिम खालिङ |
| फागुन २० गते<br>मार्च ३ ता. | पाष्टर सामुएल कार्थक<br>पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर<br>दफ्तन सादा | श्री<br>सिमोन भण्डारी | एल्डर<br>दिल थापा |

## विशेष अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा संगतिहरूमा सेवा सुरू हुन अघि नै समयमै आउनुहुन मण्डली परिवार सबैलाई विशेष अनुरोध गर्दछौं ।

२. मण्डली भवनभित्र प्रवेश गर्नु अगावै आफ्नो मोबाइलको स्वीच बन्द गरिदिनुहुन विशेष अनुरोध गर्दछौं ।


३. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ-पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ताबीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँ दाजुभाइ दिदीबहिनीहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

४. दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुहुन साथै खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तपाईंको दशांश नम्बर सफासँग बुझ्ने अक्षरमा अनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं । यदि तपाईंले अन्य भेटी जस्तैः निर्माण, सुसमाचार, सहायता, छात्रवृत्ति, प्रतिष्ठान कोषमा भेटी दिन चाहनुभएमा सो कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं ।

## जानकारी

**माघ ३ गते/जनवरी १७ ता. मंगलबार नेइम ज्ञानेश्वर मण्डलीमा ८ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।**

स्वयम्भू, किमडोल बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्या **श्रीमती उषा लामा** ६६ वर्षको उमेरमा पौष २६ गते/जनवरी १० ता.मंगलबार प्रभुमा सुत्नुभयो ।



चाबहिल बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्या **श्रीमती शारदा बुढाथोकी** ७० वर्षको उमेरमा माघ १३ गते/जनवरी २७ ता.शुक्रबार प्रभुमा सुत्नुभयो ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समयः विहान | स्थान | समयः विहान | स्थान |
|---|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | ७:३०, ९:३० र ११:३० बजे | ज्ञानेश्वर | १०:३० बजे | सिर्जनानगर, नगरकोट |
| | | ९:०० बजे र ११:३० बजे | ललितपुर | | पनौती, गुरुजुधारा |
| | | ८:०० बजे र ११:०० बजे | गोंगबूँ | | रानीपौवा, साहुगाउँ |
| | | १०:३० बजे | जोरपाटी | | जहरसिंह पौवा, गाम्छा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबू, नगरकोट, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल | | |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हाप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, मीनभवन, कपन | | |
| | आइतबार | बेलुकी ६:०० बजे | लिपिकोट | | |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, गोंगबूँ, पनौती सिर्जनानगर | | |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला) | | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी | | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, ताहाचल | | |
| | शुक्रबार | बिहान ६:०० बज | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, कालीमाटी, कमलाक्षी गाम्छा, सुन्दरीजल र ताहाचल | | |
| | शुक्रबार | दिउँसो ३:०० बजे | पनौती | | |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | | |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|
| **माघ २८ गते फरवरी ११ ता.** | पाष्टर एल.पी.न्यौपाने | श्री अशोक सुनार | एल्डर अष्ट श्रेष्ठ | एल्डर पासाङ्ग डेविड शेर्पा | **संयुक्त सेवा** पाष्टर रोबर्ट कार्थक | श्री कुमार सेन्चुरी | श्री धन बहादुर तामाङ्ग |
| **फागुन ६ गते फरवरी १८ ता.** | पाष्टर रोबर्ट कार्थक | एल्डर गोपी राई | **संयुक्त सेवा – जोरपाटी चर्च** | | पाष्टर बर्णबास श्रेष्ठ | डीकनेस् अमृता कार्थक | श्री धन बहादुर तामाङ्ग |
| **फागुन १३ गते फरवरी २५ ता.** | पाष्टर महेश थाँजु | एल्डर जमान तामाङ्ग | श्री लाक्पा लामा | एल्डर गोपी राई | श्री पिटर लिम्बु | डीकनेस् निर्मला ढुङ्गेल | डीकन बेन्जामिन तामाङ्ग |
| **फागुन २० गते मार्च ३ ता.** | पाष्टर अशोक मुखिया | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर दानिएल सापकोटा | पाष्टर बर्णबास श्रेष्ठ | **संयुक्त सेवा गोंगबूँ चर्च** | श्री धन बहादुर तामाङ्ग |

## मिशनरीहरूको लागि प्रार्थना

मण्डलीबाट मिशनेरी भएर जानुभएका श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), श्री नरेन्द्र र शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), श्री प्रदिप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत), श्री लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत) उहाँहरूको सेवकाइ र मण्डलीमा आशिष मागिदिऔं । आगामी दिनहरूमा मण्डलीबाट अझै धेरैजना विभिन्न ठाउँहरूमा मिशनेरी भएर जानको निम्ति बोलावट पाएर आज्ञाकारी हुन सकून् साथै विभिन्न देश, विदेशहरूमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सेवकाई पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## फरवरी महिनाको कार्यक्रम

१. फागुन १ गते/फरवरी १४ ता. सोमबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डली
२. फागुन २ गते/फरवरी १४ ता. **नेइम पुर्णकालिन सेवक/सेविकाहरूको रीट्रिट**
३. फागुन ६-८ गते/फरवरी १८-२० ता. शनिबार-सोमबार **नेइम सिनियर यूथ सम्मेलन** ज्ञानेश्वर मण्डलीमा
४. फागुन ८ गते/फरवरी २० ता. सोमबार बिहान ९:००-३:०० बजेसम्म **नेइम पूरुष रीट्रिट** धापासीमा
५. फागुन ९-१० गते/फरवरी २१-२२ ता. मंगलबार-बुधबार बिहान १०:००-५:०० बजेसम्म **नेइम संयूक्त घरेलू संगति अगूवा सम्मेलन** ज्ञानेश्वर मण्डलीमा

## प्रार्थनाका विषयहरू

१. देशको सबै क्षेत्रमा शान्ति, मिलाप, समझदारी, सुधार, उन्नति आएको होस् ।

२. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा भएको होस् साथै उहाँको इच्छा अनुसार मण्डलीहरू पनि अघि बढ्दै जान सकून् ।

३. देशबाट बाहिर विभिन्न मुलुकहरूमा रोजगार, पढाइ साथै अन्य कामको लागि जानुभएका नेपालीहरूले विभिन्न माध्यमहरूबाट सुसमाचार सुनी खीष्ट प्रभुलाई आफ्नो मुक्तिदाताको रूपमा विश्वास र ग्रहण गर्न सकून् साथै चिन्ता फिक्री, रोग र विभिन्न बन्धनहरूबाट पनि उनीहरूले छुटकारा पाउन सकून् ।

४. नेइम अन्तर्गतका मण्डलीहरू ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, सिर्जनानगर, गाम्छा, रानीपौवा, सुन्दरीजल, गुर्जुधारा र साहुगाउँ मण्डलीहरूको सेवा संगतिहरूमा मण्डली वृद्धिको लागि परमेश्वरबाटको आशिष मागिदिऔं र यी मण्डलीहरूमा सेवकाई गर्नुहुने अगुवा गुरुजनहरूको लागि पनि प्रार्थना गरिदिऔं ।

५. नेइमका सबै विश्वासीहरू पवित्र आत्माको बप्तिस्मा, पवित्र आत्माको भरपूरी र अन्य भाषाको आशिषबाट कोही पनि बञ्चित नभएको होस् ।

६. मण्डलीका सबै विश्वासीहरूको परिवार, काम-व्यवसाय, रोग-बिमार, ऋण, मुद्दा, बेमेल, झैंझगडा आदि विषयको लागि प्रार्थना गरिदिऔं ।

७. मण्डलीका सबै विश्वासीहरूले परमेश्वरको प्रेम र खीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरूप खीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

८. विभिन्न माध्यमहरूद्वारा प्रचारिएको सुसमाचार सुन्ने व्यक्तिहरू साथै बाँडिएका पर्चाहरू पढ्ने व्यक्तिहरूको जीवनमा पवित्र आत्माले नै सत्यता बुझ्ने अनुग्रह दिऊन् र समय छँदानै उहाँहरू प्रभुमा आउन सकून् ।

९. एस.एल.सी. परीक्षा दिन लागेका सबै विद्यार्थीहरूका लागि साथै स्कूल, कलेजमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको लागि प्रार्थना गरिदिऔं ।

१०. सबै विश्वासीहरू प्रार्थना, वचन, पढाई, स्तुति प्रशंसा, सुसमाचार प्रचार, प्रेम र पवित्रताको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् साथै खीष्ट प्रभुको दोस्रो आगमनको निम्ति सधैं तयार रहनेहरू हुन सकून् ।

११. यस वर्ष विवाह गर्नुभएका परिवार, पानीको बप्तिस्मा लिनुभएकाहरू, ग्रहण गर्नुभएकाहरू, समर्पण गर्नुभएकाहरूले खीष्ट येशू प्रभुलाई अझ प्रेम गर्दै साक्षीको जीवन जिउन सकून् ।

१२. मण्डलीका सबै विश्वासीहरू काम गर्ने ठाउँ, आफू बस्ने टोल, स्कूल, कलेजमा साक्षी भई सुसमाचार सुनाउन सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार Sunday** | २२ 5<br>मण्डलीका सबै विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा गवाही बन्नेहरू पनि हुन सकून् ।<br>**३ यूहन्ना ६** | २९ 12<br>भोलि हुने उपवास प्रार्थनामा परमेश्वरको इच्छाअनुसार विश्वासमा प्रार्थना चढाइएको कारण मण्डलीले ठूला-ठूला कुरा देख्न सकून् ।<br>**१ यूहन्ना ५:१४-१५** | ७ 19<br>नेपालमा रहेका सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>**कलस्सी २:६-७** | १४ 26<br>शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा सबै विश्वासीहरूको प्रभुबाटको सुरक्षा र सेवकाइको लागि प्रार्थना गरिदिऔं ।<br>**यशैया ४२:६-७** |
| **सोमबार Monday** | २३ 6<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाएका प्रार्थनाको उत्तर पर्खन, उत्तर पाएकोमा, उत्तर नपाएकोमा पनि सधैं धन्यवादी हुन सकुन् ।<br>**१ थेसलौनिकी ५:१६-१८** | **१ फागुन** 13<br>प्रत्येक परिवारले आफ्नो परिवारमा प्रभुलाई पाहुना होइन तर प्रभुको स्थानमा राखेर आदर दिनेहरू हुन सकौं ।<br>**मत्ती ७:२१-२३** | ८ 20<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>**२ तिमोथी ३:१४-१५** | १५ 27<br>यी आखिरी दिनमा संसारमा देखिएका धेरै निरास गर्ने कुराबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>**मत्ती २४:३-१३** |
| **मंगलबार Tuesday** | २४ 7<br>मण्डलीका पूर्णकालिन सेवक/सेविकाहरूको सेवकाइ, परिवार साथै अन्य क्षेत्रमा आशिष मागिदिऔं ।<br>**रोमी १२:१,१२** | २ 14<br>मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा जागृति, चंगाई, छुट्कारा, आत्माको नवीकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं ।<br>**यशैया ३५:३-७** | ९ 21<br>मण्डलीका विश्वासीहरू सबै प्रकारको भूल शिक्षा र शिक्षकको पछि लाग्नबाट पवित्र आत्मा परमेश्वरले जोगाऊन् ।<br>**२ यूहन्ना ७-१०** | १६ 28<br>ऋण, मुद्दा, बेरोजगार, रोग साथै अन्य समस्या परेकाहरूको समस्या समाधान साथै छुट्कारा र निको हुवाईको लागि प्रार्थना गरौं ।<br>**फिलिप्पी ४:५-७** |
| **बुधबार Wednesday** | २५ 8<br>सबै घरेलु संगतिहरूमा एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता अझ बढेर गएको होस् ।<br>**हिब्रू १०:२४-२५** | ३ 15<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, शुरू भएको संगति झुण्डको लागि साथै उहाँहरूको सेवकाइद्वारा अझ धेरै प्रभुमा आउन सकून् ।<br>**यूहन्ना १५:१६** | १० 22<br>आफूले पाएका विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून् ।<br>**१ पत्रुस ४:१०-११** | १७ 29<br>नेइमअन्तर्गतका मण्डलीहरूमा संख्यात्मक वृद्धिको साथै प्रभुमा पाको, बलियो मण्डली हुँदै जान सकौं ।<br>**एफिसी ३:१४-१९** |
| **बिहीबार Thursday** | २६ 9<br>मण्डलीका सबै बालबालिकाहरूले सानै उमेरदेखि प्रभुको आवाज सुनेर भविष्यमा परमेश्वरकै महिमाको कामको लागि तयार हुन सकून् ।<br>**१ शमूएल ३:१-४** | ४ 16<br>मण्डलीका सबै जवानहरूले परमेश्वरको बोलावट थाहा गरी आज्ञाकारी हुनलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>**रोमी १२:१-२** | ११ 23<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिषमय बन्न सकून् ।<br>**भजनसंग्रह १४४:१२-१५** | १८ 1<br>मण्डलीका सबै बाबु आमाहरू अझ परमेश्वर पितालाई प्रेम गर्दै परिवारलाई पनि डोऱ्याउनेहरू हुन सकून् ।<br>**भजनसंग्रह १२८:१-६** |
| **शुक्रबार Friday** | २७ 10<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू मण्डलीको कार्यक्रम नभएर आत्मिकी रूपमा बढ्दै जाने सेवा संगति हुन सकून् ।<br>**मत्ती ६:१-४** | ५ 17<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>**हिब्रू ४:१२-१३** | १२ 24<br>आराधना सेवामा आउनेहरू सबै प्रभुलाई भेट्नको लागि मन, प्राण, आत्मा र शरीरको तयारीमा आउन सकून् ।<br>**भजनसंग्रह ४२:१-७** | १९ 2<br>मण्डलीका विश्वासीहरू कोही पनि रीतिविधिमा मात्र सेवा संगति सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकून् ।<br>**भजनसंग्रह ८४:१-६** |
| **शनिबार Saturday** | २८ 11<br>धेरै पढे-लेखेका, उच्च ओहोदामा रहेकाहरू, बुद्धिजीविहरूले प्रभुको सुसमाचार सुनी खीष्ट प्रभुलाई ग्रहण गर्न सकून् ।<br>**यशैया ४२:६-७** | ६ 18<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं ।<br>**यर्मिया ३१:४,११ र १६** | १३ 25<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>**भजनसंग्रह २२:५** | २० 3<br>स्कूल, क्याम्पस, उच्च शिक्षाको र विभिन्न तालिम लिइराख्नुभएकाहरूको पढाई, साथै तालिममा आशिष मागिदिऔं ।<br>**हितोपदेश ३:१-६** |

**किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु," परमप्रभु भन्नुहुन्छ । "ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई । तब प्रार्थना गर्नेछौ, र म तिमीहरूको प्रार्थना ध्यानसित सुन्नेछु । जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई पाउनेछौ ।**

**यर्मिया २९:११-१३**